मिति २०७८/०९/२०

वैठक संख्याः ८२

आज मिति २०७८/०९/२० गते बिहान ९:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका

**वैठक संख्या ८२** **मितिः २०७८/०९/२०**

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा ।
२. अनुगमन प्रतिवेदन तथा फरफारक प्रतिवेदन सम्बन्धमा ।
३. कानून (शिक्षा विधेयक, खानेपानी सरसफाई तथा स्वच्छता विधयेक) स्वीकृत सम्बन्धमा ।
४. आर्थिक ऐन, २०७८ मा संशोधन सम्बन्धमा ।
५. नीति, कार्यक्रम तथा बजेट २०७८ संशोधन सम्बन्धमा ।
६. बाल सञ्जाल भवन रहेको जग्गा र भवन सट्टी-पट्टी सम्बन्धमा ।
७. हेफरसँग सम्झौता सम्बन्धमा ।
८. देवघाट रेडियो कार्यक्रमसँग सम्झौता र सहयोग सम्बन्धमा ।

**निर्णयहरु:**

१. गत वैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।
२. चालु आ.व. मा गाउँपालिका स्तरीय अनुगमन समितिका संयोजक उपाध्यक्ष श्री विमला थापाबाट प्रस्तुत प्रतिवेदन माथि छलफल गरियो । अनुगमन कार्य सन्तोषजनक भएको पाइयो । र हालसम्म ६ वटा भौतिक पूर्वाधार योजनाहरुबाट रु. २४,०७,७७३/- (अक्षेरुपी चौबिस लाख सात हजार सात सय त्रिहत्तर रुपैया मात्र) खर्च भएको फरफारक समितिको प्रतिवेदनबाट जानकारी भयो । साथै मर्मत शिर्षकबाट तपसिल अनुसारको रकम खर्च भएको र गर्ने निर्णय गरियो ।
३. तपसिल अनुसारको कानून तर्जुमा गर्नको लागि प्रस्तुत विधेयक स्वीकृत गरियो र गाउँसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।
   **तपसिल**:
   क) शिक्षा विधेयक
   ख) खानेपानी सरसफाई तथा स्वच्छता विधेयक
४. आर्थिक ऐन २०७८ मा संशोधन प्रस्ताव स्वीकृत गरियो र स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।
५. नीति, कार्यक्रम तथा बजेट २०७८ मा संशोधन प्रस्ताव स्वीकृत गरियो र स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।
६. वडा नं. ५ रेडक्रस मार्गमा रहेको बाल सञ्चाल भवन रहेको जग्गामा सडक बाटो नपरी भित्री परेको जाने बाटो निकास नभएकोले समस्या भएकोले हाल सो भवन र भवन रहेको जग्गा श्री श्रीनिवास भागवत वेदान्तपीठ नेपाल, देवघाट ५ तनहुँलाई हस्तान्तरण गरी सो को सट्टा उक्त भवन समिपमा रहेको श्री श्रीनिवास भागवत वेदान्त पीठ नेपालको जग्गा स्थल दोहोरो सडक बाटो परी सबैको पायक स्थल रहेकोले जम्मा ५-०-० क्षेत्रफल रहेको जग्गा लिने र भवन उक्त संस्था श्री श्रीनिवास भागवत वेदान्तपीठ नेपाल, देवघाट ५ तनहुँले बनाई दिने गरी दुवै पक्षबिच सट्टा-पट्टा गर्ने निर्णय गरियो । साथै यस सम्बन्धमा दुवै पक्षिय सम्झौता गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट गाउँपालिका
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

७. देवघाट गाउँपालिका र हेफर संस्थाबिच कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन सम्बन्धि सम्झौता भंग रद्द भएकोले अब उक्त संस्थासँग सम्झौता अनुसार काम गर्ने नसकिने जानकारी प्रमुख प्रशासकीय अधिकृतबाट यस कार्यपालिका वैठकमा जानकारी भयो । तर कार्यपालिकाको सबै सदस्यहरु एक मत र सबैको सिधा प्रस्ताव अनुसार सम्झौता कायमै राख्ने निर्णय गरियो ।

८. रेडियो देवघाट १०२.६ मेगाहर्जबाट यस गाउँपालिकाका विभिन्न सूचनाहरु, जनहितका जानकारीहरु प्रसारण गर्ने र यसको लागि २०७८ माघ महिना देखि २०७९ आषाढ मसान्तसम्म ६ महिनाको लागि आपसी सम्झौता गरी रकम रु. १,००,०००/- (अक्षेरुपी एक लाख रुपैया मात्र) भुक्तानी दिने निर्णय गरियो । साथै उक्त रेडियोले १२ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा विभिन्न सामाजिक काम समेत गर्न लागेको र सहयोगको लागि प्रस्ताव पेश गरेकोले पत्रिका तथा प्रोत्साहन शिर्षकबाट रु. २०,०००/- (बीस हजार रुपैया) मात्र सहयोग गर्ने निर्णय गरियो ।

दुर्ग बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत